**श्री नाईलताल सामुदायिक वन उपभोक्ता समूह**
**गोदावर न.पा.१२, कैलाली**

पत्र संख्या : २०८०/०८१
च.नं.

अध्यक्ष

**गोलिया काठ लिलाम बिक्री सम्बन्धी विस्तृत सूचना ।**
(प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०१/१०)

**नाईलताल सा.व.उ.स.ध.उ.म.न.पा.१२** कैलालीको आ.व. २०८०/०८१ मा नियमानुसार संकलन गरि समूहको कम्पाउण्डमा घाटगद्दी भएको तपसिल वमोजिम लट र परिमाणको साल र सल्लो गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८ को नियम ९ मा व्यवस्था भए वमोजिमका उद्योगहरुले यो सूचना मिति २०८१/०१/१० गतेको **राजधानी राष्ट्रिय दैनिक पत्रिका**मा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एककाईस) दिन भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र खरिद गरी २२ औ दिनमा दाखिला गर्न आब्हान गरिन्छ ।

**तपशिल:**

| लट नं. | १.वन पैदावारको विवरण | | | | | संकलन खर्च रु.प्रति क्यु.फिट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जात | ग्रेड | गोलिया थान | काठको परिमाण क्यु फिट | न्युनतम मुल्य | | |
| १ | साल गोलिया | ए | ४ | ८३।७ | ८३७००।०० | १६०.०० | |
| | साल गोलिया | बि | २ | २९।६ | २०७२०।०० | | |
| | साल गोलिया | सि. | १ | ९।७ | ४८५०।०० | | |
| | **जम्मा** | | ७ | **१२३।००** | **१०९२७०।००** | | |
| २ | सल्लो गोलिया | ए | ३७ | ८२३।०० | २८८०५०।०० | | |
| | सल्लो गालिया | बि. | ६ | १०५।८० | २६४५०।०० | | |
| | **जम्मा** | | ४३ | **९२८।८०** | **२८८०५०।००** | | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८१/०१/३० (ख) समय: आपरान्ह ४:०० बजे सम्म
३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८१/०१/३१ (ख) समय: दिँउसो १:०० बजे सम्म
४) बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस **नाईलताल सा.व.उ.स.ध.गोदावरी न.पा.१२ कैलालीको कृषि विकास बैंक लिमिटेड अत्तरिया शाखामा** रहेको खाता नं.०८२३४०१०३४५०१०१७ माा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपााल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
५) बोलपत्र फाराम प्रति लटको रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस **श्री नाईलताल सा.व.उ.स.गोदावरी न.पा.१२ कैलालीबाट** खरिद तथा दाखिला गर्न सकिनेछ ।
६) लिलाम बढाबढ हुने वन पैदावार **गोदावरी न.पा.१२** स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।
७) लिलाममा भाग लिन ईच्छुक ब्यक्ति, कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०१/३१ गते दिनका ३:०० बजे साँक्षीहरुको रोहवरमा खोलिने छ ।
९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, मूल्य अभिबृद्धि कर, संकलन खर्च (कटान मुछान र ढुलान खर्च) छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।
१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
११) बोलपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ ।
१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा निहित रहनेछ ।
१३) सिलबन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं.उल्लेख गर्नु पर्ने छ ।
१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन अनुरोध छ ।
१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ ।

ईति सम्वत २०८१।०१।१० गते २ शूभम्